महाकुलुङ गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बू ।

२०७३

प.स : ०७५/०७६

बुङ, सोलुखुम्बु ।
१ नं. प्रदेश, नेपाल ।

**सर्जिकल उपकरण खरिद सम्वन्धी सिलवन्दी दरभाउ पत्रका शर्तहरुः**

१.यो सिलवन्दी दरभाउ पत्र प्रथमपटक सुचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र रु ३,०००।- (फिर्ता नहुने गरी) निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र सिलवन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट सिलवन्दी दरभाउ पत्रखरिद गर्न सकिने छ ।

२. सिलवन्दी दरभाउ पत्र खरिद गर्नका लागि निवेदनमा रु १०।- को टिकट टाँसि ,आ.व.२०७५/०७६ का लागि नविकरण गरिएको उपकरण विक्रि गर्ने इजाजत पत्र ,कम्पनि दर्ता प्रमाण पत्र वा फर्म दर्ता प्रमाण पत्र, औषधी व्यवसायी प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु ,आ.व.२०७४/०७५ मा मुल्य अभिवृद्धि कर चुक्ता प्रमाण पत्र संलग्न राखी तोकिएको स्थानवाट सिलवन्दी दरभाउ पत्रफाराम खरिद गर्न निवेदन पेश गर्नु पर्ने छ ।

३. सुचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म सिलवन्दी दरभाउपत्र फाराम विक्रि वितरण हुने छ र १६ औ दिनको १२ वजे सम्म विक्रि भई सकेका सिलवन्दी दरभाउपत्रहरुको दर्ता कार्य हुने सोही दिनको २ वजे दर्ता हुने आएका शिलवन्दी दरभाउ पत्र फारामहरु खोलिने छ । सो सिलवन्दी दरभाउ पत्रसाथ आफुले कवोल गरेको अंकको २.५% (अढाई प्रतिशत) ले हुन आउने रकम वरावरको क बर्गको बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत वा महाकुलुङ गाउँपालिकाको बैक धरौटी खाता नं. २०२०३०३००७१०५ मा नगद जम्मा गरी सो को सक्कलै भौचर पेश गर्नुपर्ने छ वा कम्तिमा ७५ दिन म्याद भएको जमानत (विडवण्ड) को सक्कल प्रति पेश गर्नु पर्ने छ ।

४.सिलवन्दी दरभाउ पत्र खरिद गर्ने, दर्ता गर्ने र खुल्ने दिन विदा परेमा उक्त कार्यहरु सो को भोलिपल्ट हुनेछ

५. म्याद भित्र दर्ता हुन आएका शिलवन्दी दरभाउ पत्र फारामहरु सोही दिनको २ वजे सरोकारवाला कार्यालयका प्रतिनिधिहरु र दरभाउ पत्र पेशकर्ताहरु वा निजको प्रतिनिधि को रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउ पत्रपेश कर्ताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी दरभाउ पत्र खोल्न कुनै बाधा पुग्ने छैन ।

६.सिलवन्दी दरभाउ पत्रकवोल गरिएको दर रेट अंक र अक्षर दुवैमा प्रस्ट रुपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । केरमेट भएको ठाँउमा दस्तखत गरेको हुनु पर्ने छ । कवोल अंक लागत स्टिमेटभन्दा १५% भन्दा कम उल्लेख भएमा सो कम हुन आउने रकमको ५०% रकम थप धरौटी जम्मा गर्नुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

७.सर्जिकल उपकरण खरिद गर्दा उपकरणहरुको दररेटको हकमा WHO GMP Certified Companyवाट उत्पादित उपकरणहरुको औषत (Maximum Retail price MRP) मा १५% कमले कायम गरिने छ ।

८. आ.व. २०७५/०७६को लागि उपकरण खरिदमा थप रकम व्यवस्था भई आएमा यसै दर रेट अनुसार खरिद हुनेछ र पुन सिलवन्दी दरभाउ पत्रगर्न समय अभाव भएमा पहिलाको ठेक्का स्वीकृत भएको ठेकेदारसँग पुन : संभौता गरि उपकरण खरिद हुने छ । यस आ.व.को आगामी आषाढ मसान्तसम्म हुने कुनै प्रकारको मुल्य अभिवृद्धि करलाइ स्वीकार गरिने छैन ।

९. सप्लाई हुने उपकरणहरुको प्रत्येक प्याकिङ्गको वाहिर **MFD** (उत्पादन मिति),वारेन्टी तथा व्याच नं. भनि लेखिएको हुनु पर्ने छ ।

१०. उपकरण खरिदको सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्दा बोल कवोल अंक मध्ये न्यूनतम मुल्यका आधारमा स्वीकृत गरिने छ ।

११. सिलवन्दी दरभाउ पत्रपेश गर्दा मुल्य अभिवृद्धि कर वाहेकको दर रेट पेश गर्नुपर्ने छ ।

१२. सिलवन्दी दरभाउ पत्रस्वीकृत भएपछि संभौता गर्न आउँदा कवोल अंकको ५% ( पाँच प्रतिशत) ले हुने आउने रकम वरावरको कम्तीमा ९० दिनको मान्यता प्राप्त वैक जमानत पत्र वा नगद उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

१३. सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहने छ ।

१४. यस कार्यालयमा उपकरण आपुर्ति गर्दा लाग्ने ढुवानी तथा अन्य करहरु वोलपत्रवाला स्वयंले वेहोर्नु पर्ने छ ।

१५.सिलवन्दी दरभाउ पत्रदाताले दरभाउ पत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त कर्मचारीको दस्तखत, कार्यालयको छाप लागेको सिलवन्दी दरभाउ पत्र फाराम खरिद गर्नुपर्ने छ तथा दस्तखत र कार्यालयको छाप नभएको वोलपत्र कुनै पनि हालतमा मान्य हुने छैन ।

१६.आफुले सप्लाई गरिने उपकरणहरुको अधिकार प्राप्त (Authority Letter)स्वदेशी कम्पनीको हकमा उत्पादकवाट वा विदेशी कम्पनी भए National Supplies वाट लिई पेश गर्नु पर्ने छ ।

१७ सिलवन्दी दरभाउ पत्रफारम खरिद गर्ने प्रत्येक दरभाउ पत्रदाताले उपकरण आइटमवाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले भर्नुपर्ने छ । यसरी कम्पनी उल्लेख नभएको फर्म मान्य हुने छैन ।

१८.सिलवन्दी दरभाउ पत्रफारम यस कार्यालयबाट खरिद गर्न सकिने छ । खरिद दरभाउ पत्र महाकुलुङ गाउँपालिका कार्यालय स्वास्थ्य शाखा सोलुखुम्बुमा पेश गर्नु पर्ने छ ।

१९ यस सुचनामा छुट हुन गएको अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संसोधन सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

लबल राई
प्रमुख प्रशासकीय अधिकृत

२०. सिलवन्दी दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ९८४२६८५३९७ र ९८६२६८९९६१ तथा आर्थिक प्रशासन शाखा वा भण्डार शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

२१. एक विक्रेताको नाममा विक्रि भएको सिलवन्दी दरभाउपत्र अर्को विक्रेताको नाममा दाखिला गर्न पाईने छैन ।

२२. रित नपुगि आएको दरभाउपत्र स्वीकार हुने छैन ।

लबुन राई
प्रमुख प्रशासकीय अधिकृत